फोन नं.[illegible]
इमेल : akcrolpa@gmail.com

प्रदेश सरकार
लुम्बिनी प्रदेश
भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र,रोल्पा

## प्रस्ताव आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति :२०७८।०५।२१

कृषि ज्ञान केन्द्र,रोल्पाको आ.व.२०७८।०७९ को बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत तपसिल अनुसारको कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकोले ईच्छुक कृषक/कृषक समूह/सहकारी/कृषि फर्म/उद्यमी/कम्पनीहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र तपसिलमा उल्लेखित कागजातहरु संलग्न गरी यस कार्यालयमा प्रस्ताव पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।प्रस्ताव साथ पेश गर्नुपर्ने निवेदनको ढाँचा,संलग्न गर्नुपर्ने कागजात,मापदण्ड यस कार्यालयको सूचनापाटी/वेभसाईट [redacted]akcrolpa.p5.gov.npबाट प्राप्त गर्न सकिनेछ ।

तपशिल

| क्र.स. | कार्यक्रमको नाम | मापदण्ड | सञ्चालन गर्न सक्ने क्रियाकलापहरु | कार्यक्रम सञ्चालन हुने क्षेत्र वा स्थान | अनुदान रकम बढीमा |
|---|---|---|---|---|---|
| १. | लसुन प्याज प्रवर्धन कार्यक्रम (लुंग्री र खुँग्री ) | व्यक्तिगतको लागि १० रोपनी सामुहिकको लागि ४० रोपनी | तरकारी र मसला (लसुन र प्याज) बाली उत्पादन तथा प्रशोधन | लुंग्री गा.पा. र सुनिलस्मृति गा.पा. २ खुँग्री | कुल लागतमा ५०% वा प्रति हेक्टर रु.१ लाख मध्ये जुन कम हुन आउछ सो रकम अनुदान उपलब्ध गराईने । |
| २. | कोभिड विशेष मागमा आधारित कृषि/पशुपंक्षी विकास कार्यक्रम | -पहाडमा १ रोपनीमा बाली तथा वस्तु उत्पादन योजना भएको हुनुपर्ने ।<br>-मौरी र च्याउको हकमा कम्तिमा ६ वटा मौरी घार(गोलासहित) वा न्यूनतम ४० कि.ग्रा. च्याउको बिउ प्रयोग गरी उत्पादन गर्नुपर्ने ।<br>-विगत ३ वर्ष देखि कुनै अनुदान नपाएको साना कृषक ।<br>- सम्झौताको समयमा अनिवार्य प्यान नं. पेश गर्नुपर्छ । | कृषकहरुले माग गरे अनुसारका बाली तथा वस्तु उत्पादन प्रशोधन तथा बजारीकरण कार्यक्रम सञ्चालन | प्रत्येक स्थानीय तहमा कृषि र पशुपन्छीतर्फ कम्तीमा दश-दश वटा कार्यक्रम सञ्चालन गर्नु पर्नेछ तर कुनै स्थानीय तहबाट मापदण्ड बमोजिम माग नआएमा थप कार्यक्रम अन्य स्थानीय तहमा सञ्चालन गर्न बाधा पर्ने छैन । | लागत साझेदारीका आधारमा कुल लगानीको अधिकतम ५० प्रतिशत वा बढीमा रु.५० हजार रकम । |

भरतमणी पोखरेल
कार्यालय प्रमुख

<table>
<tr>
<td>३.</td>
<td>बीउ आत्मनिर्भर कार्यक्रम<br>१.खाद्यान्नबाली /दलहन/तेलहन बीउ उत्पादन<br>२.तरकारी/मसला बाली बीउ उत्पादन</td>
<td>बीउ आत्मनिर्भर कार्यक्रम तपसिलको न्यूनतम क्षेत्रफलमा सञ्चालन गर्नुपर्नेछ :<br>
<table>
<tr><td>बिजवृद्धि</td><td>क्षेत्रफल (रो.)</td></tr>
<tr><td>तरकारी</td><td>२</td></tr>
<tr><td>खाद्यान्न बाली बीउ</td><td>६०</td></tr>
<tr><td>दलहन/तेलहन बीउ</td><td>२०</td></tr>
</table>
-एकल वा सामुहिक बीउ उत्पादन गर्न सकिने तर सामुहिक बीउ उत्पादनमा क्लाष्टरमा सहयोग गर्न सकिने ।<br>-स्रोत बीउको रुपमा प्रमाणित,मूल वा स्रोत वा लेवल बीउमा लेवल लगाई विक्री गर्नु पर्ने ।<br>-बीउ बिजन कारोबार अनुमति पत्र लिएको संस्था वा सो संस्थाको समन्वयमा बीउ उत्पादनमा संलग्न हुनुपर्नेछ ।</td>
<td>-उत्पादन सामाग्रीः स्रोत बीउ,सुचिकृत प्राङ्गारिक मल,विषादी,शुक्ष्मतत्व<br>-प्याकेजिङ्ग सामग्री, बीउ प्रमाणिकरण खर्च, प्रशोधन सहयोग, चिस्यान मापन यन्त्र आदि उपकरणहरु ।</td>
<td>जिल्ला भरी</td>
<td>तरकारी बीउ उत्पादनमा प्रति हेक्टर अधिकतम रु. एक लाख र खाद्यान्न/दलहन/तेलहन बीउ उत्पादनमा प्रति हेक्टर अधिकतम रु.६० हजार अनुदान दिइने ।</td>
</tr>
</table>

<u>प्रस्ताव साथ संलग्न गर्नुपर्ने कागजातहरु</u>

१.प्रस्तावकको संक्कलन निवेदन,
२.कृषक समूह/निजी कृषि फर्म/सहकारी/हरुले नियमानुसार दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपि,
३.स्थायी लेखा नम्बर प्रमाण-पत्रको प्रतिलिपि,
४.गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि,
५.कार्यक्रम सञ्चालनको लागि कार्ययोजना सहितको प्रस्ताव,
६.सम्बन्धित स्थानीय तहको सिफारिस पत्र,
७.प्रस्तावकले कार्यक्रमको लागि प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णय प्रतिलिपि,
८.प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि,
९.कार्यक्रम सञ्चालनको लागि जग्गा धनी दर्ता प्रमाण-पूर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नको लागि कम्तिमा दश वर्षको करार गरिएको सम्झौता-पत्रको प्रतिलिपि ।

**नोट :** थप जानकारीका लागि कृषि ज्ञान केन्द्र, रोल्पामा सम्पर्क राख्रहुन तथा कार्यालयको फोन नं. ०८६-४४०३०२ र मोवाईल नं. ९८४७९६७७६८ मा सम्पर्क राख्रहुन अनुरोध गरिन्छ । साथै **अनुसूची-३ वमोजिमको कार्यक्रमको संक्षिप्त व्यवसायिक कार्ययोजनाको ढाँचा र अनुसूची-२ वमोजिमको निवेदनको ढाँचा** कृषि ज्ञान केन्द्र, रोल्पाको Website www.akcrolpa.p5.gov.np मा प्राप्त गर्न सक्नुहुनेछ ।

प्रदेश सरकार लुम्बिनी प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय कृषि विकास निर्देशनालय कृषि ज्ञान केन्द्र रोल्पा

**भरतमणि पोखरेल**
**कार्यालय प्रमुख**